# राज्यपाल स्वर्ण कप: पार्थ चक्र सेमीमा, शुक्रबारदेखि सेमी फाइनल

**गान्तोक, १२ अक्टोबर।** ३७औं अखिल भारतीय राज्यपाल स्वर्ण कप अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता अन्तर्गत विहीबार अन्तिम क्वाटर फाइनल खेल इण्डियन आर्मी रेड बनाम पार्थ चक्र कोलकाताबीच सम्पन्न भयो। यहाँको पाल्जोर स्टेडियममा खेलिएको खेलमा पार्थ चक्र कोलकाताले इण्डियन आर्मी रेडलाई ४–३ गोलले पराजित गर्यो। यसका साथै पार्थ चक्र सेमी फाइनलमा प्रवेश गर्न सफल बनेको छ। आज पहिलो गोल इण्डियन आर्मीको तर्फबाट एन. सुरेशले गरेका थिए। उनले खेल शुरू भएको १६औं मिनटमा पाएको पेनल्टीलाई गोलमा परिणत गरेर आफ्नो दललाई एक गोलको बढत दिलाए। तर, २१औं मिनटमा पार्थ चक्रको तर्फबाट इरिकले गोल गरेर खेल बराबरीमा ल्याए। प्रथम हाफको खेल बराबरीमा समाप्त भयो।

दोस्रो हाफमा पहिलो गोल पार्थ चक्रको तर्फबाट इरिकले ५३औं मिनटमा गरे। यसरी नै दोस्रो अनि तेस्रो गोल पनि पार्थ चक्रको तर्फबाट एलेक्स विटनमोरले क्रमश: ५६औं र ६८औं मिनटमा गरे। अर्कोतिर, ८३औं मिनटमा पाएको पेनल्टीलाई गोलमा परिणत गरेर इण्डियन आर्मीले खेलमा निकै उत्साह भर्ने काम गरे। उक्त गोल एन. सुरेशले गरेका थिए। यसै क्रममा इण्डियन आर्मीका प्रणय राईले ८६औं मिनटमा अझ एउटा गोल गरेर खेल ४–३ गोलको अन्तरमा ल्याइपुर्याए। खेलको अन्तिम क्षणसम्म इण्डियन आर्मीका खेलाडीहरूले गोल गर्ने धेरै प्रयास गरे भने धेरै अवसरहरू पनि चुकाए।

भोलि शुक्रबारदेखि सेमी फाइनल खेल शुरू भइरहेको छ। भोलि प्रथम सेमी फाइनल खेल मोहन बगान एसी बनाम ओएनजीसी मुम्बईबीच खेलिने छ। आज राज्यपाल स्वर्ण कप आयोजक संस्था सिक्किम फुटबल एसोसिएशनका पूर्व अध्यक्ष पीके प्रधान मुख्य अतिथि थिए।

## क्रिष्टियन समीटको आयोजन गर्ने

**गान्तोक, १२ अक्टोबर:** अखिल सिक्किम क्रिष्टियन संगठनले आउँदो नोभेम्बर महिनामा बृहत् राज्य स्तरीय धार्मिक सम्मेलन ‘अल सिक्किम क्रिष्टियन समीट’ आयोजन गर्ने तयारी गरेको छ। उक्त सम्मेलनमा सबै जिल्लाबाट ४० हजार विश्वासीहरू उपस्थित रहन सक्ने संगठनका प्रचार सचिव स्टेफिन शार्कीले दाबी गरेका छन्।

सो अवसरमा मुख्यमन्त्री पवन चामलिङ मुख्य अतिथिको रूपमा उपस्थित हुने सम्भावना रहेको पनि उनले जनाएका छन्। उक्त सम्मेलन १० नोभेम्बरका दिन जोरथाङमा हुने बताइएको छ। यो कार्यक्रम एक ऐतिहासिक कार्यक्रम रहने बृहत् कार्यक्रम यस भन्दा अघि नभएको र पचास हजार मानिसहरूको जमघट हुसक्ने संगठनका उपाध्यक्ष स्माइल गुरूङले जनाएका छन्। उनले जनाए अनुसार सबै चर्चहरू यो कार्यक्रम गर्न तयार रहेका छन्। राज्य भरीका चर्चहरूबाट संग्रह गरिएको रकमबाट उक्त कार्यक्रम आयोजन गरिनेछ। गुरूङ अनुसार जनगणनाको आधारमा सिक्किममा एक हजार चर्च अनि १.२ लाख क्रिष्टियनहरू छन्।

# सूचनाको अधिकार दिवसमाथि एक दिने कार्यक्रम

**गान्तोक, १२ अक्टोबर:** आरटीआई ऐन २००५–शुरू भएको आज १२औं वर्षको अवसरमा राज्य सूचना आयोगद्वारा सूचनाको अधिकार दिवसमाथि एक दिने कार्यक्रम आयोजन गरियो। उक्त कार्यक्रम गान्तोक नगर निगम देउरालीमा आयोजन गरिएको थियो।

उक्त कार्यक्रममा जीएमसीका मेयर शक्ति सिंह चौधरी मुख्य अतिथिको रूपमा उपस्थित थिए। आफ्नो संक्षिप्त सम्बोधनमा मेयर शक्ति सिंह चौधरीले भने सूचना माग्नका लागि आरटीआई एउटा महत्वपूर्ण ऐन हो जुन यो अधिकार शुरू हुनु भन्दा अघि जटिल थियो। आरटीआईले कुनै पनि प्रक्रियालाई पारदर्शी बनाउने काम गरेको पनि उनले जनाए। यसै बीच राज्य सूचना आयोगका सचिवले यस ऐनबारे संक्षिप्त जानकारी गराउँदै सूचनाको अधिकार ऐन प्रभावमा आएको १२ वर्ष भएको र यसले समाजमा ठूलो पारदर्शिता ल्याएको जानकारी गराए। उनले आरटीआई ऐनमाथि पावर पोइन्ट प्रस्तुतिकरण पनि दिए। कार्यक्रममा विभिन्न क्षेत्रका पार्षदहरूले पनि अंशग्रहण गरेका थिए।

# विद्या भारती सिक्किमद्वारा महानन्द पौड्यालको निधनमा शोक प्रकट

**गान्तोक, १२ अक्टोबर।** विद्या भारती, सिक्किमले वरिष्ठ साहित्यकार महानन्द पौड्यालको निधनमा गहिरो शोक प्रकट गरेको छ। स्वर्गीय पौड्याल विद्या भारती सिक्किमको प्रान्तीय समितिका संस्थापक अध्यक्ष थिए। उनको निधनले विद्या भारती परिवारलाई ठूलो क्षति पुगेको विद्या भारती, सिक्किमका संयोजक मोहन शर्माले बताएका छन्। उनको निधनले सम्पूर्ण विद्या भारती परिवार शोकमा डूबेको विद्या भारती परिवारको तर्फबाट उनले हार्दिक समवेदना व्यक्त गरे। स्वर्गीय पौड्यालले विद्या भारती, सिक्किमको कामलाई अगाड़ी बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए। उनको मार्गदर्शनमा संस्थाद्वारा धेरै उल्लेखनीय काम भएको उनले बताए। उल्लेख्य, साहित्यकार महानन्द पौड्यालको निधन विहीबार बिहान राजधानीस्थित एसटीएनएम अस्पतालमा भयो। उनी विगत धेरै लामो समयदेखि बिरामी थिए। उनको निधन ८६ वर्षको उमेरमा भएको छ।

## गोर्खाल्याण्ड मुद्दा अनि...

जीटीएमै बस्नु थियो भने तिनीहरूले किन जीटीएको खेस्रा जलाए? ११ जना शहीद भइञ्जेल किन आन्दोलनको नाटक गरे? भन्ने प्रश्नहरू गर्दै गिरीले यदि गोर्खाल्याण्ड पाउनु हो भने जीटीएको सम्झौता रद्ध गरिएको हुनुपर्छ र यसैले समग्र जनताले जीटीए रद्द गरेर गोर्खाल्याण्डको मागलाई अघि बढ़ाउनुपर्छ भने।

तिनले भने, गोर्खाल्याण्ड मुद्दा अनि विमल गुरूङको अन्त भएको छैन, दुइ–चार नेताहरूले आफ्नो स्वार्थको निम्ति पार्टी त्याग गरेको भए पनि पहाड़को गोर्खाल्याण्डप्रेमी जनता अझै पनि विमल गुरूङकै पक्षमा छ, यसैले पहाड़को जनतालाई हरेश नखाई, धैर्य धारण गरेर गोर्खाल्याण्डको निम्ति एकजुट भइदिने अपील गर्दछु।

## गोजमुमोको गोर्खाल्याण्ड आन्दोलन...

राज्य सरकारले फेरि नेपाली भाषाप्रति दमन नीति अपनाउने जस्तो संकेत गरी बयान जारी गरेपछि भाषा अतिक्रमणको ज्वाला उठेको हो भने। त्यस अवधि मुख्यमन्त्री ममता ब्यानर्जीले दार्जीलिङको राज भवनमा मन्त्रीमण्डलको सभा बोलाइन् अनि त्यतिबेलै तिनले पहाड़का सबै दलका नेतृत्वलाई बोलाएर कुराकानी गरेको भए स्थिति शान्त भएर जाने थियो तर त्यो नगरेर सिंगजोरी गर्दा पहाड़को स्थिति बिग्रिएर गएको हो, वातरले आरोप लगाए।

राज्य सरकारले दार्जीलिङ अवस्थामाथि भूलै भूलको नीति अपनाउँदै आइरहेको भन्दै माकपा नेताले जीटीए कानूनअनुसार जीटीए सभाको कार्यकाल समाप्त भएपछि बोर्ड गठन गरेर जीटीए सञ्चालन गरिनुपर्ने छ तर राज्य सरकारले विनय तामङलाई बोर्ड आफ एडमिनिस्ट्रेटस्को चेयरम्यान बनाएर राख्नुको साटो पहाड़का तीनजना विधायक, नगरपालिका बोर्डहरूका चेयरम्यान अनि आइएएस अधिकारीलाई राखेर बोर्ड गठन गर्नु पर्थ्यो तर राज्य सरकारले गोर्खालैंड आन्दोलनलाई दबाउने अनि गोजमुमोलाई दुइ भागमा विभक्त गर्न विनय तामङलाई चेयरम्यान बनाएको आरोप लगाए। त्यसरी नै जल्दै गरेको पहाड़लाई भारतीय जनता पार्टीले पनि पेट्रोल हाल्ने काम गरेको वातरले बताए। आन्दोलनको अवधि केन्द्रको भाजपा सरकारले शान्त पार्न सक्यो तर मौन बसेर पहाड़ अझ उग्र भएर ग आरोप लगाए। १०४ दिनको पहाड़ बन्दले चियाकमानहरूमा कार्यरत श्रमिक, कृषकहरूदेखि लिएर आम जनतालाई नै ठूलो क्षति पुगेको छ बताउँदै मोर्चाको गोर्खाल्याण्ड आन्दोलन विफल भएको तिनले बताए।

वातरले पार्टीलाई दह्लिो बनाउन पार्टी हाई कमाण्डले लोकल कमिटीलाई ब्राञ्च कमिटी अनि जोनल कमिटिलाई एरिया कमिटी बनाउने निणर्य लिएकोले दार्जीलिङ–बिजनबारी जोनल कमिटिले केही महीना अघि नै ब्राञ्च र एरिया कमिटीको गठन गरिसकेको जनाए।

## पञ्चायत चुनाउ, आज उम्मेदवार...

आवण्टन गरिने बताइएको छ। यसपछि दिउँसो ४ बजी प्रशासनिक केन्द्रमा रिटर्निङ अफिसरले प्रतिभागि उम्मेदवारहरूसँग बैठक आयोजन गर्नेछन्। प्रतिभागि उम्मेदवारहरूले परिचय पत्रको निम्ति दुईवटा पासपोर्ट फोटो लिएर आउनुपर्ने बताइएको छ।

यसरी नै पश्चिम जिल्लामा बुधबार जम्मा ७३८ नामाङ्कन पत्रहरूको जाँच गरियो जसमा २५ नामाङ्कन पत्र रद्द भएको छ। जिल्ला अन्तर्गत ३१ जिल्ला पञ्चायतको निम्ति ८५ जनाले नामाङ्कन बुझाएका थिए जसमा ८३ जनाको नाम्‌कन स्वीकृत भएको छ भने ०२ जनाको नामाङ्कन रद्द भएको छ। यसरी नै पञ्चायत वार्डहरूको निम्ति जम्मा ६५३ नामाङ्कन आएको थियो जसमा २३ नामाङ्कन रद्द भएको छ। भोलि शुक्रबार प्रतिभागि उम्मेदवारहरूलाई रिटर्निङ अफिसर कपिल मिनाद्वारा इलेक्शन अब्जर्बर एलपी छेत्रीको उपस्थितिमा आवण्टन गरिने छ।

### पञ्चायत चुनाउ शान्तिप्रिय ढंगमा...

आफ्नो बहुमूल्य मतलाई खेर नफाली स्वेच्छाले मत प्रयोग गर्ने आह्वान गरेका छन्। यस पल्ट रूपियाँ पैसा मद मदिरा, भोज भतेरको राजनीतिबाट उन्मुक्ति प्राप्त गर्ने अवसर आएको छ भन्दै यस अवसरलाई नचुकाउने उनले मतदाताहरूप्रति अपील गरेका छन्। विधायक चामलिङले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, न्यायको निम्ति स्वतन्त्र रूपमा चुनाउ प्रक्रियामा अघि बढ़ेका सबै उम्मेदवारहरू निर्भिक्ताका साथ अघि बढ्नुपर्ने भन्दै भविष्यमा परामर्श र सुझाउहरूका लागि आफू हरदम तयार र प्रयासरत रहने उनले प्रतिबद्धता व्यक्त गरेका छन्।

## सांसद र विमलहरूले श्रेय नलिए...

लागेर बसेका हुन्। अहिले आएर उनले यस बिषयमा श्रेय लिन नखोजे हुन्छ। केन्द्रले जति पनि पहल गरेको छ यो हामीले गरेको पत्रचारको आधारमा नै भएको हो’ विनय तामाङले स्पष्ट भने। यसक्रममा उनले आफुहरूले गान्धिवादी नीतिलाई शिरोपर गर्दै प्रजातान्त्रिक पद्धतिमा आन्दोलन गरेको कारण नै केन्द्रले यस्तो पहल गरेको पनि दाबी गरेका छन्। सोही अवसरमा उनले सांसदसँगै विमल गुरुङ पन्थीहरूलाई समेत केन्द्र सरकारको पहलमा श्रेय नलिइदिने आग्रह गरेका छन्।

अर्कोतर्फ तामाङले भोलि राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीसँग नवन्नामा भेटघाट गर्ने कार्यक्रम रहेको जानकारी दिएका छन्। यसका साथै आगमी १६ अक्टोबरको दिन हुने बैठकलाई लिएर १५ तारिखको बेलुकी राज्यपालसँग पनि आफूहरूले भेट गर्ने तय भइसकेको उनले जानकारी दिएका छन्। यता आवश्यक परे १४ अक्टोबरको दिन आफूहरू दिल्ली जाने सम्भावना रहेको उनले थप बताएका छन्।

यता छुट्टै राज्य गोर्खाल्याण्डको निम्ति बारम्बार आमरण अनशन बस्न तयार रहेको दाबी गर्ने विनय तामाङले आज पनि उक्त बयान दोहोर्‍याएका छन्। ‘राज्य अनि केन्द्रको राजनैतिक स्थिति हेरेर गोर्खाल्याण्ड अनि गोर्खा जातिको निम्ति कुनै पनि समय म आमरण अनशन बस्न तयार छु’ विनय तामाङले भने। यसक्रममा उनले आमरण अनशनमा विमल गुरूङ, रोशन गिरी साथै कुनै पनि राजनैतिक दलका नेताहरू पनि जाति अनि गोर्खाल्याण्डको निम्ति साथ दिन आउँछन् भने आफू मञ्च साझा गर्न पनि तयार रहेको पनि बताएका छन्। ‘जनताले त्यतिबेला नै थाहा पाउनेछन् म अनि अनित थापा बिक्री भएका रहेछौं कि उनीहरू। गोर्खाल्याण्डको निम्ति को कमिटेड रहेछ यो मर्क्यूरी टेष्ट पनि हो’ तामङले भने। यता जीटीएको चौकीमा बसेर सम्पूर्ण जनताको आँखामा छारो बनेका विनय तामाङले आगामी ३–४ महिनाभित्र गोर्खाल्याण्डको निम्ति केही हुने सङ्केत पनि दिएका छन्। ‘अबको ३–४ महिनामा तपाईंहरूले हेर्नुहोस् जीटीएबाट के हुनेछ अनि गोर्खाल्याण्डको निम्ति के हुनेछ। यसको निम्ति बेसी पर्खिनुपर्दैन, दुई तीन वर्ष पनि भनेको छुइनँ। केवल ३–४ महिनाभित्र नै गोर्खाल्याण्डको निम्ति के हुनेछ, त्यो देख्नुहुनेछ’ तामाङले भने।

## एसडीएफद्धारा घोषणा पत्र...

जनताले आफ्नो शक्ति प्रदर्शन गर्ने अथावा प्रयोग गर्ने समय रहेको बताए। अर्कोतिर, प्रवक्ता दाहालले कुनै राजनीतिक पार्टीको नाम नलिई सिक्किम बाहिर मालिक भएका राष्ट्रिय पार्टीले पनि पञ्चायत चुनाउमा आफ्नो उम्मेदवार उठाएको, तर उनीहरूसँग कुनै ठोस कार्यक्रम भने नरहेको बताए। राष्ट्रिय पार्टीहरूले जाति र धर्मको दोकान खोलेको आरोप लगाउँदै घोषणा पत्रमा यस्तो विकृतिहरूबाट राज्यलाई मुक्त राख्ने प्रयास गरिएको बताए। स्थानीय निकायको चुनाउमा राष्ट्रिय पार्टीहरूले पनि एसडीएफले सरह घोषणा पत्र अथवा कार्यक्रम लिएर आउन नसकेको उनले दाबी गरे।

यसरी नै यस पञ्चायत चुनाउमा कतिपय विपक्षी दलहरू छद्म रूपमा भाग लिइरहेका छन् भन्दै एसडीएफले जनतालाई सम्मान गर्दै पारदर्शी रूपमा चुनावी मैदानमा उत्रिएको उनले बताए। पत्रकारहरूले सोधेका प्रश्नहरूको जवाफ दिँदै प्रवक्ता दाहालले राष्ट्रिय पार्टीहरूले चुनाउमा भाग लिँदा कुन आपत्ति नरहेको, तर उनीहरू बिना कार्यक्रम चुनाउमा आएको बताए। दलगत पञ्चायत चुनाउबारे प्रश्न राख्दा एउटा राजनीतिक पार्टीले पार्टीगत आधारमै चुनाउ लड्छ र हाम्रो पार्टीले अरूको निम्ति कसरी चुनाउ लडिदिन सक्छ भने। यसरी नै अन्य एक प्रश्नको जवाफमा एसडीएफले आफ्नो घोषणा पत्रमा उल्लेख गरेका विषयहरू ८० प्रतिशत कार्यान्वयन गर्दै आएको उनले दाबी गरे। यसरी नै राज्य सरकारले लिम्बू तामाङको सीट आरक्षणको निम्ति आफ्नो तर्फबाट इमान्दार प्रयास गरिरहेको उनले बताए।

## मर्नपरे जनताकै अघि मर्न तयार...

बोलाउने प्राय: निश्चित भइसकेको गुरूङले जनाए।

मोर्चाप्रमुखले भने, हामीलाई हाम्रो जातीय उन्मुक्तिबारे वास्ता छ, केन्द्र सरकारले हाई लेबल कमिटी गठन गरेर यहाँको समस्यालाई समाधान गर्ने जुन पाइला उठाएको छ त्यो हाम्रो लागि ठूलो उपलब्धि हो अनि जनताले दिएको त्याग र बलिदानको कदर हुनु हो। धर्यको फल मीठो हुन्छ तर हामी आवेशमा आएर काम गर्नुहुँदैन, तिनले भने। केन्द्रको एनडीए सरकारको हामी घटक दल पनि हौं त्यसकारण तिनीहरूले दार्जीलिङबारे यस्तो पाइला उठाउनु पनि सही हो भन्दै गुरुङले केन्द्रको भाजपा सरकारले दार्जीलिङको जनतालाई राज्य सरकारले कस्तो प्रकारले दमन गरेर राखेको रहेछ भन्ने राम्ररी बुझेका अनि तीन महीनाको बन्दको अवधि यहाँको जनताले के कस्तो प्रकारले बितायो त्यो पनि केन्द्र सरकारले राम्रोसँगले बुझेको जनाए।

एउटा प्रश्नको उत्तरमा गुरुङले त्रिपक्षीय वार्तामा राज्य सरकारलाई निम्ताउनै पर्छ किनभने हामीले देश होइन राज्य मागेका हौं भने। हामीलाई त्रिपक्षीय वार्ताबारे पत्र आएपछि हामी मीडियालाई बताउने छौं भन्दै गुरुङले हाईलेबल कमिटी गोर्खाल्याण्डबारे पनि गठन गरिएको हो किनभने यहाँको हरेक समस्याहरूको समाधान गोर्खाल्याण्डको गठनले मात्र हुने बताए।

## गोर्खाल्याण्डबारे वार्ता गर्न...

सरकारले पहाड़ मुद्दामा सतर्कता अपनाइरहेको छ। संघीय ढाँचामा राज्य सरकारले राज्य गठनको मागको जाँच गर्नु पर्नेछ अनि त्यसपछि बैठक डाक्नुपर्नेछ। हामी क्षेत्रको सुरक्षा व्यवस्थाबारे धेर चिन्तित छौं, अधिकारीले भने।

स्मरण रहोस्, गत २६ सेप्टेम्बर गृहमन्त्री राजनाथ सिंहले एउटा विज्ञप्ति जारी गरेर पन्ध्र दिनभित्र पहाड़ मुद्दामा त्रिपक्षीय वार्ताको आयोजना गर्ने आश्वासन दिएका थिए। केन्द्रिय गृह मन्त्रालयका सचिवले त्यो बैठक डाक्ने कुरा राजनाथ सिंहले जनाएका थिए। त्रिपक्षीय बैठकको आश्वासन पाएपछि मोर्चा प्रमुख विमल गुरुङले अनिश्चितकालीन बन्द फिर्ता लिएको घोषणा गरे, फलस्वरूप २७ सेप्टेम्बरदेखि पहाड़ सचल भयो। राजनाथ सिंहले दिएको त्यसै आश्वासन बमोजिम केन्द्र सरकारले गोर्खाल्याण्ड मामिलामा नेगोशिएशन कमिटी गठन गरेको बताइँदैछ।


AFFIDAVIT

I,Laxmi Narayan Chettri,S/O Late Kul Bahadur Chettri,aged about 22 years,by faith Hindu,resident of Lower Mangmo,P.O & P.S Dentam,West Sikkim do hereby solemnly affirm before on oath as follows:-
1. That I am natural son of late Kul Bahadur Chettri
2. That the correct spelling of name of my late father is Kul Bahadur Chettri which is recorded in some of my docement.
3. That inadvertently,in my Birth Certificate bearing No.55 dated 15/02/2000 and entire School's certificate the spelling of name of my late father has been recorded as kull Bahadur Chettri.
4.That this affidavit is made bonafide to declare that both the spelling of name i.e Kul Bahadur Chettri and Kull Bahadur Chettri relates to one and the same person i.e my late father.
5. That this affidavit is made bonafide.

Deponent.

VACANCY
IMMEDIATE OPENING
Direct Sales Executive for India's No.1 Windows & Doors brand. Location – Gangtok. Required Smart, Young & Dynamic Candidate With Minimum 1 Year Sales Experience. Interested Candidates Please Send Your Cv's at fenesta.slg@gmail.com or Call : 9832046191

URGENT PLACEMENT FOR INTERNATIONAL AGENCIES
Lic No.: 00930/BOM/PART/1000/5/904/84
Urgently Required M/F candidates to offer jobs in different countries

| Sl. No. | Category | Salary/Monthly | Countries |
|---|---|---|---|
| 01 | Air Hostess | US$ 5000.00 | Oman |
| 02 | Factory Labours | US$ 1200-2000 | Japan |
| 03 | SONY Factory Labours | US$ 800-1200 | China |
| 04 | Hotel Staffs | IC60,000-70,000 | Macau |
| 05 | Caregiver | IC 40,000-60,000 | Macau |

To know more details: Airport Plaza Building, Upper Bagdogra, Siliguri
Mob.: 75840-19809, 75840-19810, 0353- 2004625
Email:rinternational05@yahoo.com

WINTER CRASH COURSE
X & XII CBSE / ISC/ ICSE - 2017-18
REGULAR & CRASH NEET / IIT JEE, ADVANCED COACHING FOR CLASS X & XII GOING ON.....
Try & continue, highly experienced faculties,
BEST SUCCESS RECORD SINCE 2007.
ACHIEVEMENTS
Don't go far away from home! Giving best Coaching, SPECIAL CARE & HOSPITALITIES, HOSTEL available for BOYS & GIRLS separately
Join Advance Coaching for X & XII (Appearing ix & xi May Join)
UDISHA .PNG SCHOOL ROAD, GANGTOK.
Call: 9434137448 / 9083289834

ONE-SITTING-EXAM B.A, B.COM, B.SC,MA M.COM, M.SC, MBA, BBA,BCA,MCA,MSW,B.L.I.SC
PARAMEDICAL, X - RAY, NURSING
UGC, NCTE, RECOG, REG & DISTANCE. LOW%DO B.Ed
B.Ed. 100% PASS
•M.ED, D.ED, B.P.ED, LLB
•M.PHIL, PH.D, B.E, POLY
X & XII C.B.S.E/N.I.O.S,
CONT: GOOD SHEPHERD : (SINCE). 1996) OPP: MARGRAET SCHOOL NEAR-NATURE CURE HOSPITAL, PRADHAN NAGAR, SILIGURI
M. : 99320-98092, 99331-28991

Citi Computers
Above Digital Panorama, TIBET ROAD, GANGTOK.
PH: 9832025675, 9547909698
Admission opens for BCA, BBA, BA, MA, etc. With UGC, AICTE, Distance approved university. Regular tuition Classes
Admission and counseling centre
Computers Courses from Basic to diploma avail at the reasonable price.
Limited seats, Hurry up …

हराएको सूचना

ताप्लेजुङ, सागु गा.वि.स., अलाइँचे, नेपाल निवासी, कृष्ण गौतम (६८) विगत वैशाख २२ गते, २०६५ (४ मई, २००८) – देखि ताप्लेजुङदेखि हराएका छन्। उनी सिक्किममा बस्दै आएको आशंका गरिएको छ। यसर्थ यदि कसैले उनलाई भेटेको खण्डमा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गरिन्छ। खबर गर्ने व्यक्तिलाई इनाम दिइने घोषणा गरिन्छ।
सम्पर्क : ९७३३१८४४८१ (सिक्किम) ००९७७–९८६३६१९०८९ (नेपाल)

ULTRA MODERN ADVANCE IVF
Test Tube Baby Centre ICSI IUI available for all women's problems
FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist) MD, DNB MRCOG (I), London.
Metro Height, 3rd Floor, Don Bosco More, Siliguri.
Ph: 0353-2545544 / 9800983790 / 8372801570

NEED LIC HOUSING LOAN CONTACT :
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY

Urgently required for back office job only female.
9564001300[M],
E-mail:
Sarkarslgass@gmail.com

यसपालीको दीपावलीमा लक्ष्मीजी तपाईको घरमा
अब चाँड़ै नै दीपावली तथा धन्तेरसको त्यौहार आइरहेकोछ। यसका साथै आइरहेछ माता लक्ष्मीजीलाई प्रसन्न गराउने तथा उनलाई आफ्नो घरमा बोलाउने सुनौलो मौका। देवी देवताहरूलाई प्रसन्न गराउनका लागि हामी उनीहरू वस्तुको भोग लगाउँछौं।
माता लक्ष्मीजीको प्रिय वस्तुहरू हुन्
१) गोमती चक्र, २) लघुनरिवल, ३) काली कोड़ी, ४) नागकेसर, ५) रक्त गुंजा, ६) लक्ष्मीवरण, ७) पञ्च रत्न, ८) कुबेर कुन्जी, ९) कुबेर यन्त्र, १०) श्री यन्त्र, ११) कुबेर प्रतिमा, १२) रूद्राक्ष।
यसपालीको धनतेरसमा तपाई लक्ष्मीजी अथवा कुबेरजीको प्रतिमा लिनुहोस्, त्यसलाई एउटा लाल कपड़ामा बेह्रेर आफ्नो घरको मन्दिरमा राख्नुहोस् तथा यी सबै लक्ष्मीजीको प्रिय वस्तुहरू चढ़ाउनुहोस्। दीपावलीको भोलिपल्ट तपाई यी सबै वस्तुहरू उठाउनुहोस् अनि आफ्नो घरको आलमारीमा राख्नुहोस्।
यसो गर्नाले लक्ष्मीजीको वास तपाईको घरमा बनिरहनेछ। यी सबै दिव्य वस्तुहरू प्राप्त गर्नलाई सम्पर्क गर्नुहोस्–
Gem & Rudraksh
Opposite Bata Show Room
M.G. Marg, Gangtok
Ph.: 9593979346
Mangan Stand
Old Shopping Complex, Singtam
Ph. 834800320

KANHAIYA JEWELLERS

यहाँ सक्कली नेपाली सुन (24 केरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ।
विश्वास तपाईको, भरोसा हाम्रो।
Specialist in :
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
Available Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE


नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। –सम्पादक